# अर्जुनचौपारी गाउँपालिका

Arjunchaupari Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

**Office of Rural Municipal Executive**

अर्जुनचौपारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

Gandaki Province, Nepal


प.सं.(Reference No) ०८१।८२

च.नं.(Dispatch No):-

मितिः२०८२।०२।२०

## प्रेस विज्ञप्ती

मिति २०८२।०२।१९ गते यस अर्जुनचौपारी गाउँपालिकाको ४२औं कार्यपालिकाको बैठकबाट निर्णय भएका मुख्य निर्णयहरु तपशिल बमोजिम रहेको अर्जुनचौपारी गाउँपालिकाबासी सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ।

**निर्णय नं. १** अर्जुनचौपारी गाउँपालिकाभित्रका सम्पूर्ण विषयगत समितिहरूको आर्थिक वर्ष २०८१/०८२ को कार्यसम्पादन सन्तोषजनक भएको मूल्याङ्कन गर्दै आगामी वर्षहरूमा समितिलाई अझ सशक्त, उत्तरदायी र प्रभावकारी बनाउन संरचना सुदृढीकरण, अनुगमन प्रणाली सुधार, पारदर्शिता अभिवृद्धि, समन्वय एवम् क्षमता विकास सम्बन्धी आवश्यक कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २** आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट निर्माण गर्न आवश्यक तयारी एवं कानुनी प्रक्रिया अनुरूप गाउँसभाको बजेट अधिवेशन आह्वान एवम् विषयगत समितिहरूको प्रतिवेदन, जनप्रतिनिधिहरूका सुझाव, सर्वसाधारणबाट प्राप्त सुझाव, योजना दस्तावेज तथा चालु आर्थिक वर्षको कार्यान्वयन अवस्थाको समीक्षाका आधारमा बजेट तथा कार्यक्रम निर्माणको कार्य सम्पन्न गर्न गाउँसभा अधिवेशन मिति २०८२/०३/०२ गते आह्वान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३** अर्जुनचौपारी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम निर्माणको लागि अर्जुनचौपापरी गाउँपालिका भित्रका सरोकारवाला निकाय/व्यक्तिहरुसँग आवश्यक सुझाव संकलन गरी नीति तथा कार्यक्रमको खाका तयार गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४** अर्जुनचौपारी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट निर्माण प्रक्रिया प्रभावकारी रूपमा अगाडि बढाउनका लागि सम्बन्धित विषयगत समितिहरूको बैठक बसी बैठकमार्फत नीति, योजना तथा कार्यक्रमहरूको प्रारम्भिक खाका तयार गरी गाउँ कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाउने र सबै समितिहरूबीच समन्वयमा गरी बजेट निर्माण प्रक्रिया पारदर्शी, समावेशी तथा आवश्यकता आधारित हुने गरी अघि बढाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५** अर्जुनचौपारी गाउँपालिकाभित्रका सम्पूर्ण वडामा जग्गा वर्गीकरण सम्बन्धी कार्य सम्पन्न भएकोमा केही वडाहरूमा जग्गा वर्गीकरण हुन छुट भएकोमा छुट भएका तपसिल बमोजिमका जग्गाहरूलाई वर्गीकरणका लागि सम्बन्धित निकायमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ

प्रवक्ता

धन बहादुर गुरुङ

प्रवक्ता




9856053133 arjunchauparimun.gov.np arjunchaupari11@gmail.com



CamScanner